# स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यक्रम सम्बन्धी मापदण्ड, २०७६

प्रस्तावनाः माथागढी गाउँपालिकाले आ.व. २०७६।७७ को नीति, कार्यक्रम तथा बजेट मार्फत् गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा स्वयम् सेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यक्रम रहेकोको सुरूवात गर्ने नीति लिएको छ । उक्त कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको लागि बाञ्छनीय भएकोले

माथागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा १ बमोजिम माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६।०७।२७ को निर्णयअनुसार यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "स्वयम् सेवक शिक्षक व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्ग वा अर्को अर्थ नलागेमा यस मापदण्डमा ।

(क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले माथागढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले माथागढी गाउँ कार्यपालिकाको कार्यलय सम्झनु पर्छ ।

(घ) "स्वयम् सेवक शिक्षक" भन्नाले माथागढी गाउँपालिका अन्तर्गत अधिकतम विद्यार्थी सङ्ख्या भएका तथा भौगलिक विकटता भएका ९-१० वा ९-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा अध्यापन गराउनको लागि करारमा भर्ना गरिने शिक्षक सम्झनु पर्नेछ ।

(ङ) "स्वयम् सेवक शिक्षक व्यंवस्थापन अनुदान" भन्नाले उपदफा (घ) बमोजिमको शिक्षक व्यवस्थापन गर्नको लागि यस मापदण्ड बमोजिम छनोट भएका विद्यालयलाई एक शैक्षिक वर्षका लागि एकमुष्टरूपमा उपलब्ध गराउने अनुदानलाई सम्झनु पर्छ ।

## परिच्छेद– २

## स्वयम् सेवक शिक्षक व्यवस्थापनका उद्देश्य तथा रणनीतिहरू:

३. स्वयम् सेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यक्रमका उद्देश्य र रणनीतिहरू

३.१ उद्देश्यः

(क) नेपालको संविधान प्रदत्त माघमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकको प्रत्याभूति दिलाई शिक्षाको नैसर्गिक अधिकारको सुनिश्चितता गर्ने तथा गुणस्तरीय शिक्षा अभिविद्ध गर्ने ।

(ख) सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्नु ।

(ग) नेपाल सरकारबाट दरवन्दी प्राप्त नगरेका र शिक्षण सहयोग अनुदान पनि प्राप्त नगरेका सामुदायिक विद्यालयलाई उक्त अनुदान प्राप्त नगरूञ्जेल निरन्तर सञ्चालन गर्ने ।

३.२ रणनीतिहरू:

यस कार्यक्रमको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिहरूको अवलम्वन गरिनेछ ।

(क)गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नको लागि सामुदायिक विद्यालयको आर्थिक सशक्तिकरण गर्ने ।

(ख)सामसदायिक विद्यालयको गणित, अँग्रेजी र विज्ञान विषयको गुणस्तर अभिवृद्धिको गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन गरिने विद्यालयको छनौट सम्बन्धी व्यवस्था, उपलब्ध गराइने अनुदान सम्बन्धी विवरण

४. लक्षित विद्यालयहरू,

यस कार्यक्रमको लागि देहायका बमोजिमका लक्षित विद्यालयहरू हुनेछन् ।

(क)प्रस्तावित माध्यमिक तह सञ्चालनका लागि अनुमति पाएका तर नेपाल सरकारबाट कुनै दरवन्दी स्वीकृत नभएका र शिक्षण सहयोग अनुदान समेत नपाएका विद्यालय,

(ख)माथागढी गाउँपालिका भित्र भौगोलिक रूपमा पीछडिएका विद्यालयहरू,

(ग) प्राथमिक विद्यालयको हकमा विद्यार्थी संख्या बढी भएका तर तुलानात्मक रूपमा शिक्षक दरवन्दी कम भएका

(घ) कक्षा ११ र १२ सञ्चालन गर्न अनुमति प्राप्त गरेका सामुदायिक विद्यालय जसले नेपाल सरकाबाट अन्य अनुदान प्राप्त गर्न नसकेका ।

(ङ) कक्षा -११, १२ सञ्चालन गरेका तथा कलेज समेत सञ्चालन गरेका तर विद्यालयकै नीजि आर्थिक स्रोत सञ्चालन भएका

५. स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यक्रमको लागि अनुदान उपलब्ध गराइने विद्यालयको विवरण अनुसूची १- बमोजिम रहेका छन् ।

६. दफा- ४ बमोजिमका लक्षित विद्यालमध्ये दफा ५ बमोजिम अनुसूचि १ मा परेका विद्यालयलाई देहाय बमोजिमको स्वयम् सेवक शिक्षक व्यवस्थापन अनुदान रकम वार्षिक रूपमा एकमुष्ट उपलब्ध गराइनेछ ।

(क) प्रस्तावित मा.वि कक्षा ९ र १० सञ्चालन गरेका विद्यालयको लागि माध्यमिक तहमा विज्ञान, अँग्रेजी वा गणित विषयको मा.वि तृतीय श्रेणी सरह स्वयम सेवक शिक्षक व्यवस्थापनको लागि एकमुष्ट रू. ४,७७८७०।- -

(ख) कक्षा -११, १२ सञ्चालनमा गरेका विद्यालयको लागि माध्यमिक तहमा अँग्रेजी, गणित वा विज्ञान विषयको मा.वि तृतीय श्रेणी सरह स्वयम सेवक शिक्षक व्यवस्थापनको लागि वार्षिक एकमुष्ट रू . ४,७७८७०।-

ग. प्राथमिक विद्यालय सञ्चालन गरेका तर विद्यार्थी संख्या तुलानात्क रूपमा शिक्षक दरवन्दी भन्दा बढी भएका विद्यालयको लागि १ जना प्राथिक तहतृतीय श्रेणी सरहको स्वयम् सेवक शिक्षक व्यवस्थापनको लागि वार्षिक रू ३,५५,९३०।-

## परिच्छेद-४

## स्वयम् सेवक शिक्षक भर्ना गर्ने सम्बन्धी व्यवस्था

७. स्वयम् सेवक शिक्षक भर्ना सम्बन्धी व्यवस्थाः (१) अनुदान प्राप्त गरेका विद्यालयले प्रचलित शिक्षासम्बन्धी कानुन बमोजिम स्वयम सेवक शिक्षक भर्ना गर्नु पर्नेछ ।

(२) यदि कुनै विद्यालयले यो अनुदान प्राप्त गर्नु पूर्व नै नीजि शिक्षक भर्ना गरेका रहेछन् भने व्यवस्थापन समितिले निर्णय गरी सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

नोटः स्वयम् शिक्षक व्यवस्थापन गर्ने क्रममा विज्ञान विषयको हकमा स्थायी अध्यापन अनुमति प्राप्त नगरेका भएमा सम्बन्धीत तहमा कुनै विद्यालयमा १ वर्षसम्म अध्यापन गरेको अनुभ पत्रको आधारमा भर्ना गर्न बाधा पर्ने छैन्।

## परिच्छेद-५

## आर्थिक व्यवस्था

८. रकम निकासासम्बन्धी व्यवस्थाः (१) गाउँ कार्यपालिकाको कार्यालयले यस मापदण्ड बमोजिम छनौट भएका विद्यालयलाई आर्थिक वर्ष सुरू भएको पहिलो

चौमासिक भित्र एकमुष्ट रकम उपलब्ध गराउनु पर्नेछ । तर आ.व. २०७६।७७ को हकमा पौष महिना भित्रमा निकासा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई प्राप्त भएको रकम सम्पूर्ण रकम आथिक एक आर्थिक वर्षको अन्तिम सम्म पनि खर्च हुन सक्ने नदेखिएमा हिसाब गरी जेष्ठ मसान्तसम्ममा गाउँपालिकाको सम्बन्धित खर्च खातामा जम्मा गरीदिने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।

९. बिल भरपाई पेश गर्नुपर्ने: (१) स्वयम् सेवक शिक्षक व्यवस्थापन अनुदान प्राप्त गरेका विद्यालयले खर्च गरेको रकमको चौमासिक रूपमा सम्पूर्ण खर्चको भरपाई गाउँपालिकाको शिक्षा शाखा मार्फत आर्थिक प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

(२) विद्यालयले प्राप्त अनुदानको उपदफा (१) बमोजिम खर्चको औचित्य पुष्टि हुन नसकेमा उपलब्ध गराइएको अनुदान कानुनी बाँकी सरहर अशुल उपर गरिनेछ।

## परिच्छेद-६
## विविध

१०. यदि लक्षित विद्यालयले नेपाल सरकारबाट हाल भएको भन्दा थप कुनै दरवन्दी स्वीकृति पाएमा वा शिक्षण सहयोग अनुदान प्राप्त गरेमा यस मापण्ड बमोजिम प्राप्त हुने अनुदान गाउँपालिकमा फिर्ता गर्नु पर्नेछ ।

११. मापण्डको संशोधन सम्बन्धी व्यवस्था: यस मापदण्डको आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूचि -१

(दफा ५ सँग सम्बन्धित)

स्वयम् सेवक शिक्षक व्यवस्थापनका लागि छनौट भएका विद्यालयहरू

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | किसान मा.वि | कक्षा १-१२, कलेज समेत | माथागढी-४ झडेवा पाल्पा । |
| २ | सिद्धार्थ मा.वि | कक्षा १-१२ | माथागढी-७ रहबास |
| ३ | हात्तिलुङ मा.वि | कक्षा-१-१० प्रस्तावित मा.वि | माथागढी-५ हात्तिलुङ |
| ४ | ग्रामोदय मा.वि | कक्षा-१-१० प्रस्तावित मा.वि | माथागढी-६ गोठादी |
| ५ | सहारादेवीनमूना प्राथमिक विद्यालय | कक्षा १-५ | माथागढ-३ सराई |